वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १७५ | २०८३ कात्तिक १६ गते सोमबार, नेपाल सम्वत् ११४६ November 02, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



बन्दीपुर अस्पतालको विशेषज्ञ शिविर

तनहुँको बन्दीपुर अस्पतालमा सञ्चालन गरिएको विशेषज्ञ स्वास्थ्य सेवा शिविर । उक्त शिविरबाट ७४ जना सेवाग्राही लाभान्वित भएका छन् । अस्पतालका अनुसार शिविरमा रेडियोलोजिस्ट विशेषज्ञमार्फत ४९ जनाको भिडियो एक्सरे (यूएसजी) सेवा प्रदान गरिएको छ । पेट, गर्भावस्था, स्तन, जोर्नी, अण्डाशय, हर्निया तथा थाइराइडसम्बन्धी समस्याको परीक्षणका लागि भिडियो एक्सरे गरिएको थियो । त्यस्तै, नाक, कान तथा घाँटी (ईएनटी) रोग विशेषज्ञमार्फत २५ जनाको स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको थियो। अस्पतालले आगामी शनिबार कात्तिक २१ गते मनोरोग तथा छाला रोग विशेषज्ञसहितको स्वास्थ्य सेवा सञ्चालन गर्ने भएको छ ।

तस्विर : भञ्ज्याङ

गण्डकीका अस्पतालमा जनशक्ति र पूर्वाधार विस्तार, स्वास्थ्य सेवामा बढ्यो नागरिकको पहुँच

१४ अस्पतालमा ४६ मेडिकल अधिकृत एकैपटक नियुक्त, स्वीकृत शय्या ३०० बाट ८०० पुऱ्याइयो

अमृत सुवेदी/पोखरा

जिल्ला अस्पतालमा स्थायी चिकित्सकको अभाव, सीमित शय्या र विशेषज्ञ सेवाको कमीका कारण सामान्य उपचारका लागि समेत ठूला सहर धाउनुपर्ने बाध्यता गण्डकी प्रदेशका दुर्गम भेगका नागरिकका लागि लामो समयदेखिको समस्या थियो। विशेषगरी मनाङ, मुस्ताङ, स्याङ्जालगायतका जिल्लामा अस्पताल सञ्चालन र व्यवस्थापन नै चुनौतीपूर्ण थियो। तर, पछिल्ला वर्षमा प्रदेश सरकार मातहतका अस्पतालमा चिकित्सकको दरबन्दी, स्वास्थ्य पूर्वाधार र उपचार सेवाको विस्तारसँगै स्थानीयस्तरमै स्वास्थ्य सेवा पाउने नागरिकको पहुँच बढ्न थालेको छ।

संघीयता कार्यान्वयनपछि प्रदेश सरकार मातहत आएका अस्पतालहरूको क्षमता विस्तार र जनशक्ति व्यवस्थापनमा गण्डकी प्रदेश सरकारले नीतिगत तथा संस्थागत पहल अघि बढाएको छ। यसैको पछिल्लो उदाहरणका रूपमा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका ४६ जना मेडिकल अधिकृतलाई एकैपटक प्रदेशका १४ अस्पतालमा नियुक्त गरी खटाइएको छ ।

स्वास्थ्य मन्त्रालयको जिम्मेवारीसमेत सम्हालिरहेका मन्त्री नन्दप्रसाद न्यौपानेका अनुसार सातै प्रदेशमध्ये अस्पतालहरूमा एकैपटक यति ठूलो संख्यामा मेडिकल अधिकृत नियुक्त गरी खटाइएको यो पहिलो घटना हो। योग्यता क्रमका आधारमा चिकित्सकलाई अस्पतालमा पठाइएको उनले बताए।

प्रदेश सरकार मातहतका अस्पतालमा चिकित्सकको उपलब्धता बढाउने प्रयाससँगै स्वास्थ्य सेवाको संस्थागत क्षमता पनि विस्तार भएको छ। संघीयताको सुरूआती चरणमा गण्डकी प्रदेशमा जम्मा १० जना मेडिकल अधिकृत मात्र समायोजन भएका थिए। अहिले विशेषज्ञ चिकित्सक र मेडिकल अधिकृत गरी २५० जना चिकित्सक तथा ५०० जना नर्सिङ कर्मचारी प्रदेश मातहतका अस्पतालमा कार्यरत छन् ।



विगतमा १५ शय्याको स्वीकृत दरबन्दी र एक जना विशेषज्ञ तथा दुई जना मेडिकल अधिकृतको भरमा सञ्चालन हुँदै आएका जिल्ला अस्पतालमा अहिले ११ जना विशेषज्ञ चिकित्सक र १२ जना मेडिकल अधिकृतसहितको दरबन्दी स्वीकृत भएको छ। ११औँ र ९औँ तहका विशेषज्ञ चिकित्सकको संख्या नै ५० भन्दा बढी पुगेको छ ।

यसले विशेषगरी दुर्गम जिल्लाका अस्पतालमा नेतृत्व र चिकित्सकीय जनशक्तिको अभाव कम गर्न सहयोग पुगेको छ। विगतमा स्थायी चिकित्सक नहुँदा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्सलाई अस्पताल प्रमुखको जिम्मेवारी दिनुपर्ने अवस्था थियो । अहिले मनाङ, मुस्ताङ, स्याङ्जा र मातृशिशु अस्पताललगायतका संस्थामा चिकित्सकको उपलब्धता बढेको प्रदेश सरकारले जनाएको छ ।

जनशक्तिं विस्तारसँगै अस्पतालको भौतिक तथा संस्थागत क्षमता बढाउने काम पनि अघि बढाइएको छ । प्रदेश सरकारले २०८१ जेठमा मन्त्रिपरिषद्बाट प्रदेश मातहतका नौ अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको थियो। उक्त निर्णयअनुसार अस्पतालहरूको कुल स्वीकृत शय्या क्षमता ३०० बाट बढाएर ८०० पुऱ्याइएको छ। त्यसैगरी, समग्र कर्मचारी दरबन्दी ३९८ बाट बढाएर एक हजार २५ पुऱ्याइएको छ ।

प्रदेश मातहतका अस्पतालको सेवा विस्तारको प्रभाव सेवाग्राहीको सङ्ख्यामा पनि देखिएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेशका अस्पतालबाट तीन लाख २६ हजार जनाले सेवा लिएकामा गत आर्थिक वर्षमा यो संख्या बढेर नौ लाख ३५ हजार पुगेको छ। पाँच वर्षको अवधिमा अस्पतालबाट सेवा लिनेको संख्या झन्डै तीन गुणा पुगेको हो ।

गण्डकी प्रदेशमा अहिले १० जिल्ला अस्पतालसहित संक्रामक तथा सरूवा रोग अस्पताल, मातृशिशु अस्पताल, गोरखाको आँपपिपल अस्पताल र बागलुङको बुर्तिबाङ अस्पताल गरी १४ वटा अस्पताल प्रदेश सरकार मातहत छन् ।

नेपाल सरकारले संघीयता कार्यान्वयनका क्रममा २०७५ सालमा साविकका जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला अस्पताल

बाँकी तेश्रो पेजमा

तनहुँका उत्कृष्ट दुग्ध उत्पादक किसानलाई नगदसहित सम्मान

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा व्यावसायिक दुग्ध उत्पादनमा उत्कृष्ट योगदान पुऱ्याउने किसान, सहकारी संस्था र कर्मचारी पुरस्कृत भएका छन्। तनहुँ जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड दमौलीको ३१औँ वार्षिक साधारण सभाका अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने किसान तथा संस्थालाई नगद पुरस्कारसहित सम्मान गरिएको हो ।



दुग्ध उत्पादनतर्फ वार्षिक सबैभन्दा बढी दूध बिक्री गर्ने व्यास नगरपालिका क्षेत्रका पुष्पराज मिश्र जिल्लाकै उत्कृष्ट किसान घोषित भएका छन् । दुम्सी दुग्ध उत्पादक सहकारी संस्थामार्फत मिश्रले एक वर्षमा ५३ हजार ८१३ लिटर दूध बिक्री गरी २७ लाख ७८ हजार ९९१ रूपैयाँको कारोबार गरेका थिए । उनले पाँच हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

त्यसैगरी, म्याग्दे दुग्ध उत्पादक सहकारी संस्थाका विप्रज्योति खनाल दोस्रो भएका छन्। उनले २८ हजार २३१ लिटर दूध बिक्री गरी १८ लाख २२ हजार १७ रूपैयाँको कारोबार गरेका थिए। दोस्रो भएका खनालले चार हजार रूपैयाँ पुरस्कार प्राप्त गरे ।

चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्थाका खडानन्द आचार्य तेस्रो भएका छन्। उनले २६ हजार ८७५ लिटर दूध बिक्री गरी १६ लाख ७३ हजार ४०० रूपैयाँको कारोबार गरेका थिए। उनले तीन हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

संघका व्यवस्थापक राजु भुजेलका अनुसार निर्धारित मापदण्डका आधारमा किसान, सहकारी संस्था र कर्मचारी छनोट गरी सम्मान गरिएको हो। किसानतर्फ ईश्वर कार्की, दीपेन्द्र अधिकारी, चोलबहादुर गौली, सीतादेवी घिमिरे, पूर्णचन्द्र अधिकारी, विष्णुप्रसाद बराल, पवित्रा भण्डारी, लक्ष्मी पाण्डे, दुर्गा तिवारी, हरिकृष्ण अधिकारी र बामदेव भट्टराईले जनही एक हजार रूपैयाँका दरले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् ।

सहकारी संस्थातर्फ बढी दूध संकलन गर्ने विधामा दुम्सी दुग्ध उत्पादक सहकारी संस्था प्रथम

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

संरचना होइन, परिणाममुखी विकास

संघीयताको सफलता कति सडक बने, कति भवन निर्माण भए र कति बजेट खर्च भयो भन्ने आधारमा होइन, नागरिकको जीवनमा कति परिवर्तन आयो भन्ने आधारमा मापन हुनुपर्छ । स्थानीय तहमा विकासका नाममा भौतिक संरचना निर्माण र बजेट खर्चलाई नै उपलब्धि मान्ने प्रवृत्ति अन्त्य गरी नागरिकको आवश्यकता र जीवनस्तर सुधारलाई प्राथमिकता दिन आवश्यक छ । स्थानीय तहमा सडक, भवन र अन्य पूर्वाधार निर्माण भइरहेका छन् । यी संरचना आवश्यक भए पनि यिनैलाई विकासको पूर्ण उपलब्धि मान्न सकिँदैन । सडक बनेपछि स्थानीय उत्पादनले बजार पायो कि पाएन ? विद्यालय भवन बनेपछि शिक्षाको गुणस्तर सुधारियो कि सुधारिएन ? स्वास्थ्य संस्था स्थापना भएपछि नागरिकले सहज उपचार पाए कि पाएनन् ? पर्यटन पूर्वाधार निर्माणपछि स्थानीयले रोजगारी र आम्दानीको अवसर पाए कि पाएनन् ? विकासको मूल्याङ्कन यस्ता परिणामका आधारमा गरिनुपर्छ । अहिले कतिपय स्थानीय तहमा बजेट खर्च गर्ने र योजना सम्पन्न भएको देखाउने प्रवृत्ति छ । आर्थिक वर्षको अन्त्यमा हतारहतार योजना सञ्चालन गर्ने, साना योजनामा बजेट छर्ने र आवश्यकताको अध्ययनबिना योजना छनोट गर्ने अभ्यासले सार्वजनिक स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन । बजेट खर्चको प्रतिशत बढ्नु मात्रै उपलब्धि होइन । त्यसबाट नागरिकले प्राप्त गरेको लाभ महत्त्वपूर्ण हुन्छ । त्यसैले योजना छनोटदेखि कार्यान्वयनसम्म परिणामलाई आधार बनाउनुपर्छ ।

प्रत्येक स्थानीय तहको भूगोल, प्राकृतिक स्रोत, आर्थिक अवस्था र सामाजिक पहिचान फरक हुन्छ । त्यसैले विकासका योजना पनि स्थानीय आवश्यकता र सम्भावनामा आधारित हुनुपर्छ । कृषिको सम्भावना भएका क्षेत्रमा सिँचाइ, उन्नत बीउबिजन, प्राविधिक सहयोग, भण्डारण र बजारीकरणमा लगानी गर्नुपर्छ । किसानलाई अनुदान र तालिम दिनु मात्र पर्याप्त हुँदैन, उत्पादन बढ्ने र उचित मूल्यमा बिक्री हुने वातावरण बनाउनुपर्छ । त्यसैगरी, प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदा भएका क्षेत्रमा पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोड्न सकिन्छ । होमस्टे, स्थानीय परिकार, कला, संस्कृति र परम्परागत सीपको प्रवर्द्धनबाट रोजगारी र आम्दानी सिर्जना गर्नुपर्छ । युवालाई लक्षित सीपमूलक तालिम र उद्यमशीलताका कार्यक्रम सञ्चालन गर्दा उनीहरूले रोजगारी पाए कि पाएनन् वा स्वरोजगार बन्न सके कि सकेनन् भन्ने आधारमा उपलब्धि मापन गर्नुपर्छ । यसले विकासलाई कागजी प्रतिवेदनबाट नागरिकको वास्तविक जीवनसँग जोड्न सहयोग गर्छ । यस्ता योजना सफल बनाउन जनप्रतिनिधिको सोच र कार्यशैलीमा परिवर्तन आवश्यक छ । आफ्नो क्षेत्रका समस्या र सम्भावना पहिचान गर्न गाउँबस्ती पुग्ने, नागरिकसँग छलफल गर्ने, विज्ञको सुझाव लिने र तथ्याङ्ककका आधारमा योजना बनाउने अभ्यासलाई प्राथमिकता दिनुपर्छ । विकासका प्राथमिकता निर्धारण गर्दा राजनीतिक आस्था, व्यक्तिगत सम्बन्ध र चुनावी स्वार्थभन्दा माथि उठ्नुपर्छ । आफ्नो कार्यकालमा देखिने संरचना निर्माण गर्नेभन्दा दीर्घकालीन लाभ दिने योजना छनोट गर्नु जिम्मेवार नेतृत्वको पहिचान हो । स्थानीय सरकारले प्रत्येक योजनाको लक्ष्य र उपलब्धि स्पष्ट निर्धारण गर्नुपर्छ । बजेट विनियोजन गर्दा अपेक्षित परिणाम तय गर्ने, नियमित अनुगमन गर्ने र सम्पन्न योजनाको प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था आवश्यक छ । अपेक्षित उपलब्धि हासिल हुन नसके त्यसका कारण पहिचान गरी सुधार गर्नुपर्छ । सार्वजनिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमप्रति जनप्रतिनिधि र सम्बन्धित निकाय जवाफदेही हुनुपर्छ । नागरिकलाई पनि सार्वजनिक खर्चको विवरण माग्ने र विकासका कामबारे प्रश्न गर्ने अवसर दिनुपर्छ ।

संघीयताको सफलता स्थानीय तहले कति अधिकार प्रयोग गरे वा कति बजेट खर्च गरे भन्नेमा मात्र निर्भर हुँदैन । स्थानीय सरकार नागरिकप्रति कति उत्तरदायी बन्यो, सेवा प्रवाह कति प्रभावकारी भयो र विकासका अवसर कति न्यायोचित रूपमा वितरण भए भन्ने विषयले यसको सफलता निर्धारण गर्छ । अधिकार प्राप्त भएपछि जिम्मेवारी पनि बढेको हुन्छ भन्ने कुरा जनप्रतिनिधिले आत्मसात् गर्नुपर्छ । अब स्थानीय सरकारले भाषण, आश्वासन र उद्घाटनलाई उपलब्धि मान्ने प्रवृत्ति त्यागेर परिणाम देखिने काममा ध्यान दिनुपर्छ । नागरिकले आफ्नै ठाउँमा गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, रोजगारी र आर्थिक उन्नतिको अवसर पाउने वातावरण निर्माण गर्नु नै विकासको मुख्य उद्देश्य हुनुपर्छ। यसका लागि स्रोतको सही परिचालन, स्पष्ट प्राथमिकता र प्रभावकारी कार्यान्वयन आवश्यक छ । अन्ततः संघीयताको सार्थकता भवन र सडकको संख्याले होइन, नागरिकको जीवनस्तरमा आएको सुधारले स्थापित हुनेछ । विकास भूगोलले मात्र निर्धारण गर्दैन, स्थानीय सम्भावना पहिचान गर्ने दृष्टिकोण र त्यसलाई व्यवहारमा उतार्ने नेतृत्वले पनि निर्धारण गर्छ । त्यसैले अब संरचना थप्ने प्रतिस्पर्धाभन्दा नागरिकको जीवन बदल्ने विकासको प्रतिस्पर्धा आवश्यक छ।

समाचारकक्षमा प्रहरीको बुट : सरकारको 'डेड क्याट स्ट्राटेजी'

♦ रामहरि कार्की

कात्तिक १३ गते शुक्रबार दिउँसो ३:३० बजे । अनामनगरस्थित भाटभटेनी नजिकै रहेको मोटिभेट न्युजको कार्यालयमा पत्रकार शोभराज बराल आफ्नो नियमित काममा व्यस्त थिए । त्यही बेला सादा पोसाकका प्रहरी कार्यालयमा पुगे । 'केही कुरा गर्नुपर्ने छ' भन्दै उनलाई समाचार कक्षबाट नियन्त्रणमा लिएर गए । त्यसै दिन नेपाल प्रेसका पत्रकार विश्वमणि सुवेदीलाई पनि नेपाल प्रेसकै समाचार कक्षबाट प्रहरीले नियन्त्रणमा लियो। नेपाल प्रेसका प्रधानसम्पादक मातृका पौडेल र अध्यक्ष विन्दुराज लम्साललाई समेत साइबर ब्युरोमा बोलाइएको खबर सार्वजनिक भयो ।

डिएनए खबरका पत्रकार धिरज बस्नेत पनि पत्राउ परे । यतिले प्रहरीको खोजी रोकिएन। साइबर ब्युरोको नाम लिँदै पत्रकार नवराज मैनालीको खोजीमा प्रहरी नयाँ पत्रिका दैनिकको कार्यालय पुगे । त्यस्तै दियो पोस्टका प्रधानसम्पादक सुदीप विश्वकर्मा र सम्पादक रीता बुढाथोकीलाई खोज्न सादा पोसाकका प्रहरी दियो पोष्टको कार्यालय पुगेको खबर आयो ।

एकै दिन सञ्चारमाध्यमका कार्यालयमा प्रहरीको आवतजावत, पत्रकार पत्राउ र सम्पादकहरूको खोजी । नेपाली पत्रकारिताका लागि यो सामान्य दृश्य थिएन । शुक्रबारका दिन अर्थात हिजो ज्ञानेन्द्रको शाही शासनकालको झझल्को आयो । अझ महत्वपूर्ण कुरा, यो सबै शुक्रबार भएको थियो । शनिबार र आइतबार सार्वजनिक बिदा हुने दिन पारेर पत्रकार र सञ्चारमाध्यमलाई निशानामा पार्न तथा तर्साउन प्रहरी कारबाही भएको सबैले बुझ्न कठिन थिएन । यसले एउटा गम्भीर प्रश्न जन्माएको छ- आखिर पत्रकारहरूले त्यस्तो के लेखेका थिए, जसको जवाफ समाचारको खण्डनबाट नभई, प्रहरीले समाचारकक्षबाटै पत्रकारहरूलाई पत्राउ गर्नुपर्ने अवस्था आयो । यो सबै प्रकरण के कुराको द्योतक हो ?

शुक्रबार राती ९ बजे सञ्चारमन्त्री विक्रम तिमल्सिनाले सामाजिक सञ्जालमार्फत पत्राउ परेका सबै पत्रकारहरु रिहा भएको जानकारी दिए । उनले भने, 'सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध छ । प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिता लोकतन्त्रका आधारस्तम्भ हुन ।' तर उनको यो भनाई सरकारकै अट्टाहसपूर्ण अभिव्यक्ति र लाचारीका रूपमा दर्ज भयो । त्यासो त यो घटनालाई बुझ्न कात्तिक १३ गतेको प्रहरी गतिविधि मात्रै हेरेर पुग्दैन । त्यसको पृष्ठभूमिमा देशभर चर्चा भइरहेको इनम सापकोटा प्रकरण आइपुग्छ ।

देशको ध्यान तानिरहेको 'इनम'

त्यतिबेला इनम सापकोटा प्रकरणले नेपाली समाजको ध्यान खिचिरहेको थियो। देशका प्रतिष्ठित राजनीतिक नेता, कर्मचारी, प्रहरी, व्यापारी र न्यायाधीशसँग उनको सम्बन्धबारे विभिन्न सञ्चारमाध्यममा समाचार छताछुल्ल थिए । ती सम्बन्धको प्रकृति के थियो ? उनी कुन तहसम्म जोडिएका थिए? सार्वजनिक पदमा रहेका व्यक्तिहरूसँगको उनको सम्बन्धले के-कस्तो प्रश्न जन्माउँथ्यो ?

यी प्रश्नको जवाफ खोज्ने प्रयासमा सञ्चारमाध्यमहरु सक्रिय थिए । सामाजिक सञ्जालमा पनि यही विषयले चर्चा पाइरहेको थियो । आमनागरिक चासोपूर्वक समाचार पढिरहेका थिए। कतिपयले प्रश्न उठाइरहेका थिए । कतिपयले सार्वजनिक जवाफ मागिरहेका थिए । नयाँ पत्रिका दैनिक र दियोपोष्टले यसबारे बिहीबार मात्रै विशेष प्राथमिकतासहित समाचार प्रकाशन गरेको थियो । इनम सापकोटा प्रकरण एउटा व्यक्तिको समाचारमा मात्रै सीमित रहेन । यसले राज्यको शक्ति संरचना, राजनीतिक पहुँच, आर्थिक स्वार्थ र प्रभावशाली व्यक्तिहरूबिचको सम्बन्धबारे प्रश्न उठाउन थालेको थियो ।

लोकतन्त्रमा यस्ता प्रश्न उठ्नु अस्वाभाविक होइन । बरू सार्वजनिक पदमा रहेका व्यक्ति र शक्तिशाली समूहको गतिविधिबारे प्रश्न उठ्नु नै लोकतान्त्रिक समाजको स्वस्थ अभ्यास हो । कसैको



नाम जोडियो भन्दैमा ऊ दोषी ठहरिँदैन । समाचार प्रकाशित भयो भन्दैमा त्यसमा उल्लेख भएका सबै कुरा स्वतः प्रमाणित पनि हुँदैनन् । तर प्रश्न उठिसकेपछि त्यसको तथ्यपूर्ण जवाफ दिने दायित्व सम्बन्धित पक्षको हुन्छ ।

समाचारमा त्रुटि भए खण्डन गर्न सकिन्छ । कसैको प्रतिष्ठामा आँच आएमा कानुनी उपचार खोज्न सकिन्छ । तर समाचारको विषयवस्तुमाथि जवाफ दिनुको सट्टा समाचार लेख्ने पत्रकार र सञ्चारमाध्यममाथि नै प्रहरी परिचालन हुन थाल्यो भने त्यसले अर्को गम्भीर प्रश्न जन्माउँछ । के लोकतन्त्र र संविधानका आधारभूत मान्यताप्रति सरकार गम्भीर छ ? इनम सापकोटा प्रकरणमा उठेका प्रश्नको जवाफ खोजिनुपर्ने समयमा पत्रकार पत्राउ र सञ्चारमाध्यममा प्रहरीको खोजीले सार्वजनिक बहसको दिशा नै बदल्ने जोखिम पैदा गरेको छ ।

प्रश्नको जवाफ दिने कि प्रश्न सोध्नेमाथि कारबाही?

सञ्चारमाध्यमको काम सत्ताको प्रशंसा गर्नु होइन । सार्वजनिक सरोकारका विषयमा प्रश्न उठाउनु हो । नागरिकले थाहा पाउनुपर्ने सूचनाको खोजी गर्नु हो। शक्तिमा रहेका व्यक्तिहरूलाई जवाफदेही बनाउनु हो । उनीहरूको भूमिका 'वाच डग'को हुन्छ । पत्रकारले लेखेको समाचार गलत हुन सक्छन्। पत्रकार पनि गल्तीबाट मुक्त हुँदैनन् । तर त्यसको समाधान कानुनी प्रक्रियाभित्र हुनुपर्छ । पत्रकारितामा भएका कमजोरीलाई सुधार्ने नाममा प्रहरीको बल प्रयोग गर्नु लोकतान्त्रिक अभ्यास किमार्थ हुन सक्दैन ।

नेपालको संविधान, २०७२ को प्रस्तावनाले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । संविधानको धारा १९ ले सञ्चारको हक सुनिश्चित गरेको छ । यसको अर्थ सञ्चारमाध्यमले जे लेखे पनि कानुनभन्दा माथि हुन्छन् भन्ने होइन । तर सञ्चारमाध्यमले समाचार प्रकाशित गरेकै कारण भय र त्रासमा काम गर्नुपर्ने अवस्था आउनु पनि संविधानको मर्मविपरीत हो । कात्तिक १३ गतेको घटनाले यही सँवैधानिक प्रतिबद्धताको परीक्षण गरिरहेको छ ।

पत्रकार पत्राउ पर्नु, सम्पादकहरूलाई साइबर ब्युरो बोलाइनु र सञ्चारमाध्यमका कार्यालयमा प्रहरी पुग्नुको वास्तविक कानुनी आधार के थियो ? प्रहरीले कुन समाचारलाई लिएर अनुसन्धान गरिरहेको थियो ? सम्बन्धित पत्रकारलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरेर बोलाइएको थियो कि कार्यकक्षबाटै नियन्त्रणमा लिइएको थियो? साथै समाचारको स्रोत पत्ता लगाउन प्रहरी समाचाकक्षमा प्रवेश गर्न मिल्छ वा मिल्दैन? यी प्रश्नको जवाफ सरकारले टालटुले ढंगले होइन स्पष्ट र सपाट ढंगले दिनैपर्छ । तर यस्ता प्रश्न उठिरहेकै बेला अर्को प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ- इनम सापकोटा प्रकरणले उठाएका मूल प्रश्नहरु हराउने त होइनन्?

असार ३० को त्यो दृश्य

नेपाली प्रेसले यसअघि पनि यस्तै अनौठो परिस्थिति भोगेको थियो । असार ३० गते सोमबार बिहानैदेखि नेपाली सञ्चारमाध्यममा एउटा अनपेक्षित घटनाले तरङ्ग ल्यायो । विभिन्न सञ्चारमाध्यमका कार्यालयअगाडि बाटो छेक्ने गरी गाडीहरु तेर्स्याएर राखिएका थिए । सञ्चारमाध्यममा आवतजावत गर्न असहज हुने गरी गाडी राखिएका दृश्य सार्वजनिक हुन थाले ।

ती गाडी कसले राखेका थिए ? किन राखिएको थियो ? त्यसको उद्देश्य के थियो ? सुरूमा केही स्पष्ट थिएन । तर दिउँसो हुँदै जाँदा ती गाडी सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीसँग सम्बन्धित व्यक्तिहरूसँग जोडिएको विवरण सार्वजनिक हुन थाल्यो । त्यति मात्रै होइन, तत्कालीन प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
आत्मविश्वास बढ्नेछ। नयाँ काम सुरू गर्ने अवसर मिल्नेछ। मिहिनेतअनुरूप परिणाम प्राप्त हुनेछ।

वृष
घरायसी जिम्मेवारी बढ्ने सम्भावना छ। आर्थिक पक्षमा उतारचढाव देखिए पनि मिहिनेतले समस्या हट्नेछ।

मिथुन
सकारात्मक सोचका साथ अघि बढ्न सकिनेछ। अध्ययन-अध्यापनमा मन जानेछ। मान-प्रतिष्ठा बढ्ने सम्भावना छ।

कर्कट
सम्झौतामूलक काममा लाभ मिल्नेछ। परिवार र नातागोता संग सम्बन्ध प्रगाढ बन्नेछ। दाम्पत्य जीवन सुखमय रहनेछ।

सिंह
नयाँ कामको थालनीमा ढिलासुस्ती हुन सक्छ। आत्मालोचन गर्नुपर्ने समय छ। धैर्य र संयम अपनाउनु उपयुक्त हुनेछ।

कन्या
सामाजिक क्षेत्र वा सहकर्मीको सहयोगले काम बन्नेछ। मन प्रशन्न हुने समाचार सुन्न सकिनेछ।

तुला
नयाँ अवसर हात पर्ने दिन छ। रोकिएका काम बन्नेछन्। आर्थिक लाभका साथै प्रतिष्ठा पनि बढ्ने सम्भावना छ।

वृश्चिक
आफ्नै कमजोरीका कारण योजना प्रभावित हुन सक्छ। नजिकका साथी वा आफन्तसँग मतभेद आउन सक्छ।

धनु
साहस र परिश्रम बढ्ने दिन छ। नयाँ योजना अघि सार्न सकिनेछ। सामाजिक कार्यमा सक्रिय भई सम्मान पाउने सम्भावना छ।

मकर
मेहनतअनुरूप लाभ प्राप्त हुनेछ। व्यापार-व्यवसायमा लाभदायक अवसर प्राप्त हुन सक्छ।

कुम्भ
दाम्पत्य जीवनमा मेलमिलाप बढ्नेछ। घुमफिरको अवसर मिल्नेछ। रोकिएका काम सम्पन्न हुने सम्भावना छ।

मीन
समय मध्यम खालको रहनेछ। स्वास्थ्यप्रति ध्यान दिनुपर्नेछ। आर्थिक क्षेत्रमा सामान्य खर्च बढ्ने सम्भावना छ।

गण्डकीका अस्पतालमा जनशक्ति र .....

प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो। त्यसपछि प्रदेश सरकारले २०७७ र २०७८ सालका मन्त्रिपरिषद् निर्णयमार्फत जिल्ला अस्पताललाई १५ शय्याबाट बढाएर ५० शय्या क्षमताको प्रदेश अस्पतालका रूपमा स्तरोन्नति गर्ने प्रक्रिया अघि बढाएको थियो । २०८१ सालमा आँपपिपल र बुर्तिबाङ अस्पताललाई पनि प्रदेश सरकार मातहत ल्याएर स्तरोन्नति गरिएको थियो ।

प्रदेश सरकारले आफ्नै पहलमा संक्रामक तथा सरूवा रोग अस्पताल स्थापना गर्नुका साथै विभिन्न अस्पताललाई प्रादेशिकस्तरमा रूपान्तरण गरेर विशेषज्ञ सेवा विस्तार गर्ने नीति लिएको छ। चिकित्सक र स्वास्थ्यकर्मीको उपलब्धता बढेसँगै सामान्य तथा मध्यम प्रकृतिका रोगको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता कम हुँदै गएको सरकारको दाबी छ ।

नवनियुक्त मेडिकल अधिकृतहरूलाई जिम्मेवारी प्रदान गर्दै स्वास्थ्य मन्त्रालयका निमित्त सचिव सुरज गुरौ, चिकित्सा सेवा महाशाखाका डा. रमेशकुमार केसी र उपसचिव प्रदीपकुमार रेग्मीलगायतले अस्पतालमा आउने नागरिकलाई अधिकतम सेवा दिन आग्रह गरेका छन्। चिकित्सकको नियुक्ति र पदस्थापनसँगै उनीहरूको नियमित उपस्थिति, सेवा प्रवाह र कार्यसम्पादनलाई प्रभावकारी बनाउनु आवश्यक रहेको स्वास्थ्य क्षेत्रका सरोकारवालाको भनाइ छ ।

यद्यपि, अस्पतालको शय्या र दरबन्दी बढ्दैमा मात्रै स्वास्थ्य सेवा गुणस्तरीय हुने सुनिश्चित हुँदैन। उपकरण, औषधि, प्रयोगशाला, विशेषज्ञ सेवा र स्वास्थ्यकर्मीको नियमित उपलब्धता पनि उत्तिकै महत्वपूर्ण हुन्छ। स्वास्थ्य मन्त्रालयको नेतृत्व र प्रशासनिक तहमा अस्पतालको शय्या विस्तार तथा खरिद प्रक्रियालाई लिएर विभिन्न आरोप र विवादसमेत उठेका छन्। यसअघि एमालेबाट स्वास्थ्य मन्त्री बनेका लक्ष्मण पाण्डे र स्वास्थ्य सचिव डा. युवानिधि बसौलामाथि शय्या विस्तारका नाममा आर्थिक बार्गेनिङ गरेको आरोप लागेको थियो। मन्त्रीलाई पार्टीबाट कारबाही सिफारिस र सचिवलाई मुख्यमन्त्री कार्यालयमा सरूवा गरिएको थियो। यस्ता आरोपको अन्तिम निष्कर्ष निस्कन बाँकी रहे पनि स्वास्थ्य क्षेत्रको सुशासन र पारदर्शिताको प्रश्न भने महत्वपूर्ण छ।

अस्पतालको क्षमता विस्तारसँगै त्यसको प्रभाव नागरिकले सहज, सुलभ र गुणस्तरीय उपचारका रूपमा अनुभूति गर्न पाउनु आवश्यक छ। दुर्गमका अस्पतालमा चिकित्सकको दरबन्दी पूरा गर्ने, विशेषज्ञ सेवा नियमित बनाउने र उपचारका लागि बाहिरिनुपर्ने बाध्यता घटाउने कामलाई निरन्तरता दिन सके मात्रै गण्डकीमा स्वास्थ्य सेवाको विस्तार सार्थक हुनेछ ।

अनलाइनखबरबाट

समाचारकक्षमा प्रहरीको बुट : .....

सभापति गगन थापाको घरअगाडि समेत त्यसैगरी बाटो छेक्ने गरी गाडी राखिएको समाचार बाहिरियो।

यो नेपाली सञ्चार क्षेत्रका लागि मात्रै होइन, समग्र समाजका लागि अनौठा दृश्य थिए । सञ्चारमाध्यमको ढोकाअगाडि गाडी तेर्स्याएर बाटो छेक्नु सामान्य घटना थिएन । त्यसले प्रेस स्वतन्त्रता, नागरिक अधिकार र राज्यको व्यवहारबारे गम्भीर प्रश्न उठाएको थियो ।

तर त्यो घटनाको पृष्ठभूमि पनि उत्तिकै अर्थपूर्ण थियो । त्यसको चार दिनअघि मात्रै मुगुका युवा गणेश नेपालीले त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेका थिए । त्यसको दुई दिनपछि कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा राखिएका सुकुमवासीहरू बाढीको चपेटामा परेका थिए। यी घटनामा सरकारको व्यवहारलाई लिएर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा व्यापक आलोचना भइरहेको थियो ।

सरकारले गरेका कामकारबाहीमाथि प्रश्न उठिरहेका थिए । झन्डै दुईतिहाइ नजिकको सरकारको नेतृत्व गरिरहेको बालेन शाह नेतृत्वको मन्त्रिपरिषद् आलोचनाको घेरामा थियो । जनताले अपेक्षा गरेको परिवर्तन र सरकारको कार्यशैलीबिचको अन्तरबारे बहस भइरहेको थियो। ठिक त्यति नै बेला सञ्चारमाध्यमका कार्यालयअगाडि गाडी तेर्स्याइए ।

त्यस घटनाले केही समयका लागि मूल बहसलाई ओझेलमा पाऱ्यो । गणेश नेपालीको आत्मदाह प्रयास, सुकुमवासीमाथिको व्यवहार र सरकारको जवाफदेहिताबारे उठिरहेका प्रश्नसँगै अब सञ्चारमाध्यमका कार्यालयअगाडि गाडी कसले राख्यो भन्ने विषयतर्फ सार्वजनिक बहस मोडियो । सरकारमाथि प्रश्न उठीरहेका बेला बहसलाई अन्यत्र मोड्न त्यो घटना सार्थक देखियो । तर त्यसले राज्य सञ्चालकहरूको नियतलाई छताछुल्ल बनाइदियो ।

असारको त्यो घटनालाई अहिले कात्तिक १३ गतेको घटनासँग जोडेर हेर्दा एउटा समानता देखिन्छ- दुवै पटक नेपाली प्रेसको आलोचनात्मक चेतलाई धुमिल बनाउने प्रयास गरियो त्यो पनि प्रत्यक्ष सरकारको सक्रियतामा । तर यी घटनाको समय र पृष्ठभूमिले एउटा थप प्रश्न जन्माएको छ । के सार्वजनिक आलोचनाको केन्द्रमा रहेका विषयबाट नागरिकको ध्यान अन्यत्र मोड्ने सरकारको प्रवृत्ति दोहोरिँदै छ ?

राजनीतिमा 'डेड क्याट स्ट्राटेजी'

राजनीतिक सञ्चार र जनमत व्यवस्थापनको बहसमा 'डेड क्याट स्ट्राटेजी' भन्ने एउटा अवधारणा चर्चित छ। यसको अर्थ हो- आफूले सामना गरिरहेको असहज प्रश्नबाट जनताको ध्यान हटाउन जानाजान अर्को विवादास्पद विषय अघि सार्नु।

यस अवधारणालाई बेलायती राजनीतिज्ञ बोरिस जोन्सनले आफ्नो लेखनमा चर्चित बनाएका थिए । यसको व्याख्या गर्दा एउटा टेबलमा गम्भीर विषयमा छलफल भइरहेको कल्पना गरिन्छ। छलफलमा सहभागीहरू एउटा महत्वपूर्ण मुद्दाबारे बहस गरिरहेका हुन्छन् । त्यही बेला कसैले टेबलमा मरेको बिरालो फालिदिन्छ ।

अब त्यहाँ भइरहेको छलफलको विषय बदलिन्छ । सबैको ध्यान मरेको बिरालोतिर जान्छ । कसले ल्यायो ? किन ल्यायो ? कहाँबाट आयो ? कसले फाल्यो? अब बहसको केन्द्र त्यही बन्छ । पहिले छलफल भइरहेको गम्भीर विषय ओझेलमा पर्छ । आधुनिक राजनीतिक अभ्यासमा यसलाई फरक-फरक ढंगले अभ्यास गरिएको देखिन्छ । सरकारमाथि गम्भीर प्रश्न उठिरहेका बेला अर्को ठूलो विवाद जन्मिन्छ। सञ्चारमाध्यम, सामाजिक सञ्जाल र नागरिकको ध्यान त्यतैतिर मोडिन्छ । यो सबै सुव्यवस्थित ढंगले गरिन्छ । यसलाई हामीले प्रोपोगान्डा शैलीसँग पनि जोडेर हेर्न सक्छौं ।

इनम सापकोटा प्रकरणको चर्चा भइरहेका बेला पत्रकार पत्राउ, सञ्चारमाध्यममा प्रहरीको खोजी र सम्पादकहरूलाई साइबर ब्युरो बोलाइएको घटनाले 'डेड क्याट स्ट्राटेजी'लाई पुनः स्मरण गराई दिएको छ । सरकारले यी आशंका चिर्ने हो भने घटनाको विवरण सार्वजनिक गर्नुपर्छ । पत्रकारमाथि भएका कारबाहीको कानुनी आधार देखाउनुपर्छ । इनम सापकोटा प्रकरणमा उठेका प्रश्नको निष्पक्ष अनुसन्धान र जवाफदेहिताबाट राज्य पन्छिनु मिल्दैन । शुक्रबार भएको घटनामा नेपाल प्रहरी र सरकारले एक-अर्कालाई दोष देखाएर पन्छिनु किमार्थ मिल्दैन ? स्पष्ट कुरा के हो भने सरकारको निर्देशन विना यस्तो कार्य सम्भव छैन र हुँदैन ।

मूल प्रश्न अझै बाँकी छ

आजको मूल प्रश्न पत्रकार पत्राउ परे कि परेनन् भन्ने मात्रै होइन। सञ्चारमाध्यमका कार्यालयमा प्रहरी पुग्यो कि पुगेन भन्ने मात्र पनि होइन । मूल प्रश्न हो- इनम सापकोटा प्रकरणमा उठेका सार्वजनिक सरोकारका प्रश्नहरूको जवाफ के हो ? सरकारका मन्त्री र स्वयं प्रधानमन्त्रीसँगको उनको सम्बन्धबारे सरकार जबाफदेही छ कि छैन? र, नागरिकका प्रश्नमाथि सरकार जबाफदेही हुनुपर्छ कि पर्दैन?

देशका प्रभावशाली राजनीतिक नेता, प्रहरी, व्यापारी र न्यायिक क्षेत्रका व्यक्तिहरूसँग जोडिएका भनिएका सम्बन्धहरूको वास्तविकता के हो? ती सम्बन्धले कुनै सार्वजनिक निर्णय, आर्थिक कारोबार वा राज्यको शक्ति प्रयोगमा प्रभाव पारेका थिए कि थिएनन् ? यदि थिए भने त्यसको छानबिन कसले गर्ने ? यदि समाचारमा आएका विवरण गलत हुन् भने सम्बन्धित पक्षले प्रमाणसहित त्यसको वास्तविकता सार्वजनिक किन नगरेको? यी प्रश्नको जवाफ पत्रकार पत्राउबाट प्राप्त हुँदैन । प्रहरीको उपस्थितिले पनि प्राप्त हुँदैन ।

शुक्रबार पत्राउ परेका पत्रकारहरू र प्रहरी पुगेका समाचारकक्ष केही दिनपछि फेरि आफ्नो नियमित काममा फर्केलान्। समाचारका शीर्षक फेरिएलान् । सामाजिक सञ्जालमा नयाँ विषयले ठाउँ लेलानन्। तर इनम सापकोटा प्रकरणले जन्माएका प्रश्नहरू त्यत्तिकै हराउन मिल्दैन ।

असार ३० गते सञ्चारमाध्यमका ढोकाअगाडि गाडी तेर्स्याइएका थिए । कात्तिक १३ गते सञ्चारमाध्यमका समाचारकक्षमै प्रहरी पुगे। अर्थात् दृश्य साक्ष्यहरूले के देखाई रहेका छन् भने सत्तापक्ष पहिले ढोकासम्म थियो अहिले समाचारकक्षमा प्रवेश गरिसक्यो । दुवैले नेपाली प्रेसलाई एउटै गम्भीर प्रश्नको सामना गराएका छन्- सत्ता र शक्तिमाथि प्रश्न उठाउँदा प्रेस कति सुरक्षित छ? हाम्रो लोकतान्त्रिक अधिकार कति सुरक्षित छ ?

जनताको ध्यान केही समयका लागि अन्यत्र मोड्न सकिएला । समाचारको शीर्षक बदल्न सकिएला । सामाजिक सञ्जालको बहसलाई विषयान्तर गर्न सकिएला। तर सार्वजनिक सरोकारका प्रश्नहरूलाई सधैंका लागि दबाउन सकिँदैन । किनकि लोकतन्त्रमा प्रश्नहरू कसैको निजी सम्पत्ति होइनन् । ती नागरिकका साझा अधिकार हुन् । र, कुनै पनि सरकारका लागि सबैभन्दा ठूलो चुनौती आलोचना होइन, आलोचनाबाट भाग्ने प्रवृत्ति हो ।

सरकारको यस्तो छद्म र केटाकेटी शैलीले लोकतान्त्रिक मूल्यप्रतिको उसको प्रतिबद्धता, प्रेस स्वतन्त्रताको सम्मान र जनताप्रतिको उत्तरदायित्वमाथि नै गम्भीर प्रश्न उठाएको छ । लोकतान्त्रिक सरकारको पहिलो दायित्व सञ्चारमाध्यमलाई नियन्त्रण गर्ने होइन, स्वतन्त्र र निर्भीक रूपमा काम गर्न सक्ने सुरक्षित वातावरण निर्माण गर्नु हो ।

पत्रकारलाई भय, त्रास र दबाबबाट मुक्त राख्नु हो । तर, विडम्बना ! वर्तमान सरकार ठीक उल्टो बाटोमा हिँडिरहेको छ । उसका गतिविधिले सञ्चारमाध्यममाथि नियन्त्रण जमाउने पुरानै शाहीकालीन मानसिकता फेरि ब्युँताउन खोजेको आभास हुन्छ । फरक यति हो, नियन्त्रणको शैली फेरिएको छ, नियत भने उस्तै देखिन्छ । रातोपाटीबाट

(कार्की नेपाल पत्रकार महासंघ ललितपुर शाखाका अध्यक्ष एवं आमसञ्चार तथा पत्रिकारिता विषयका लेक्चर हुन् ।)



तनहुँका उत्कृष्ट दुग्ध उत्पादक .....

भएको छ। संस्थाले वार्षिक १२ लाख १३ हजार ३३० लिटर दूध संकलन गरी आठ करोड ५३ लाख चार हजार ३९७ रूपैयाँको कारोबार गरेको थियो । प्रथम भएको संस्थाले सात हजार रूपैयाँ पुरस्कार पाएको छ ।

त्यस्तै, गुणस्तरीय दूध उत्पादनतर्फ म्याग्दे दुग्ध उत्पादक सहकारी संस्था प्रथम भएको छ। संस्थाले वार्षिक तीन लाख २६ हजार ५८६ लिटर दूध संकलन गरी दुई करोड ३९ लाख १९ हजार ८४० रूपैयाँको कारोबार गरेको थियो। संस्थाले पनि सात हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ । संघबाट उत्पादित दाना सहकारीमार्फत सबैभन्दा बढी खपत गर्ने चारकुने दुग्ध उत्पादक सहकारी संस्था र निजी फर्महरूमध्ये डिल्लीराम एण्ड गोमा किराना पसललाई जनही पाँच हजार रूपैयाँका दरले पुरस्कृत गरिएको छ । संघमा कार्यरत कर्मचारीमध्ये उत्कृष्ट कार्यसम्पादनका आधारमा मेखबहादुर गुरूङ, समुन्द्र ढकाल र विष्णु दमैलाई जनही पाँच हजार रूपैयाँसहित सम्मान गरिएको छ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, दुग्ध उत्पादक सहकारी संघका केन्द्रीय अध्यक्ष अम्मरबहादुर कुँवर, जिल्ला अध्यक्ष तुलसीराम सापकोटा र व्यास नगरपालिका-१० का वडाध्यक्ष खेमराज पोखरेलले पुरस्कृत तथा सम्मानित हुनेहरूलाई सम्मानपत्र र नगद पुरस्कार प्रदान गरेका थिए । कार्यक्रममा नगरप्रमुख न्यौपानेले दुग्ध उत्पादनले ग्रामीण अर्थतन्त्र बलियो बनाउन र किसानलाई आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेलेको बताए। उनले कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन र किसानको हितका लागि स्थानीय तहबाट सहयोग तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

कार्यक्रममा सहभागी किसान तथा सरोकारवालाले दुग्ध व्यवसायलाई दिगो र आकर्षक बनाउन दूधको उचित मूल्य निर्धारण, नियमित भुक्तानी र बजार व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए । स्वच्छ तथा गुणस्तरीय दूध उत्पादनका लागि किसानलाई आधुनिक प्रविधि, तालिम र अनुदानको व्यवस्था गर्नुपर्ने उनीहरूको भनाइ थियो । कार्यक्रममा सङ्घका उपाध्यक्ष दुर्गाप्रसाद अधिकारी, सचिव दोधराज रेग्मी, लेखा समिति संयोजक प्रेमप्रसाद पौडेल, कोषाध्यक्ष बद्रीनाथ सापकोटालगायतले दुग्ध क्षेत्रका समस्या र सम्भावनाबारे धारणा राखेका थिए ।

शिक्षक आवश्यकता

विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०७/१३

ऋषिङ गाउँपालिकाको कार्यालयको मिति २०८३/०७/१३ गतेको च.नं. ४६१ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

विज्ञापन नं. : ०२/२०८३/०८४
१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह (माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिइने)
४) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, व्यक्तिगत विवरण र निवेदन । (परीक्षापश्चात छनौट भएको उम्मेदवारको निरोगिताको प्रमाणपत्र)
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०७/२७ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०७/२७ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक
श्री अम्मर माध्यमिक विद्यालय
ऋषिङ गा.पा.-१ कोइदिम, तनहुँ ।
सम्पर्क : ९८४६०९३३९३, ९८०६५९०७११

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

कात्तिक २१ गते शनिबार

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरू :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरू :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरू :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



बर्षाले ढलेको धान काट्दै किसान : लमजुङको मध्यनेपाल नगापालिका-७ करापुटार फाँटमा अर्नब चक्रवात बर्षाको कारणले ढलेको धान काट्दै किसान । मौसम खुल्दै गएपछि यति बेला कृषकहरू खेतमा पाकेको धान खेती थन्काउने तयारीमा जुटेका छन् ।

तस्विर : सुरज गुरूङ/भञ्ज्याङ

निर्वाचनलक्षित गतिविधि बढाउँदै नेकपा, तनहुँका १० पालिकामा अभियान टोली

संगठन विस्तार, सदस्यता नवीकरण र अधिवेशन तयारीसँगै जनताका मुद्दामा जनमत बनाउने योजना

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा नेपाली कम्युनिष्ट पार्टीले संगठन विस्तार र आगामी निर्वाचनको तयारीलाई एकसाथ अघि बढाउने गरी राष्ट्रिय जागरण अभियान सञ्चालन गर्ने भएको छ। जिल्लाका सबै १० स्थानीय तहमा नेताहरूलाई जिम्मेवारी तोकेर पार्टीले संगठनात्मक गतिविधिलाई गाउँ तथा वडास्तरसम्म पुऱ्याउने रणनीति बनाएको छ ।

अभियानअन्तर्गत पार्टीले स्थानीय तहस्तरीय टोली गठन गरी केन्द्रीय सदस्यसहितका नेताहरूलाई परिचालन गर्ने भएको छ। सम्बन्धित पालिकामा मतदाता रहेका सबै तहका पार्टी सदस्यलाई अभियानमा सहभागी गराइने पार्टीले जनाएको छ ।

पार्टी जिल्ला कार्यालय तनहुँले आइतबार पत्रकार सम्मेलन गरी अभियानको कार्ययोजना र जिम्मेवारी बाँडफाँट सार्वजनिक गरेको हो। अभियानमार्फत पार्टी सदस्यता नवीकरण तथा विस्तार, पार्टीका विभिन्न तहका समिति र जनवर्गीय संगठनको समायोजन तथा वडा, पालिका, जिल्ला र प्रदेश महाधिवेशनका लागि सुझाव संकलन, स्थानीय तह तथा प्रदेशसभा निर्वाचनको तयारी र पार्टीको राजनीतिक कार्ययोजनाबारे जनतालाई जानकारी गराउने कार्यक्रम तय गरिएको छ । यसले



अधिवेशनको तयारी गरिनेछ ।

त्यसैगरी केन्द्रीय पार्टीको संगठनात्मक संरचना व्यवस्थित गर्नुका साथै निर्वाचनका लागि आधार तयार गर्ने लक्ष्य राखेको देखिन्छ ।

अभियानलाई संगठन विस्तारमा मात्र सीमित नराखी समसामयिक राजनीतिक तथा जनजीविकाका सवालसँग जोड्ने पार्टीको योजना छ। राष्ट्रिय सार्वभौमसत्ता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्र तथा संविधानको संरक्षण, सुशासन र सामाजिक न्यायका पक्षमा जनसहभागिता बढाउने उद्देश्य राखिएको छ ।

महँगी, बेरोजगारी, कालोबजारी, असुरक्षा र जनविरोधी गतिविधिविरूद्ध जनमत निर्माण गर्ने तथा प्राकृतिक विपद्मा परेका नागरिकलाई सहयोग पुऱ्याउने कार्यक्रम पनि अभियानमा समेटिएको छ । पालिकागत जिम्मेवारीअनुसार देवघाटमा हरिबहादुर चुमान, आँबुखैरेनीमा सूर्यबहादुर गौली र शुक्र चुमान तथा बन्दीपुरमा गीता शाही, हेमराज लामिछाने, जुमबहादुर गुरूङ र मीना गौतमलाई खटाइएको छ ।

भानुमा विद्या ढकाल र ओमकुमारी पौडेल, व्यासमा कलिला खान, शिवशंकर पौडेल र मंगलप्रसाद श्रेष्ठ, म्याग्देमा सोमबहादुर थापा तथा शुक्लागण्डकीमा आशा कोइरालालाई जिम्मेवारी दिइएको छ ।

त्यसैगरी भिमादमा काजीमान श्रेष्ठ र रमेश सिग्देल, घिरिङमा शंकर पोखरेल र दुर्गा नेपाली तथा ऋषिङमा ओमराज आलेलाई अभियानको जिम्मेवारी तोकिएको छ। जिल्ला कार्यालयको जिम्मेवारी अतीन्द्र केशरी न्यौपानेलाई दिइएको पार्टीले जनाएको छ ।

पार्टीकी जिल्ला इन्चार्ज आशा कोइरालाले अभियानलाई प्रभावकारी बनाउन नेता तथा कार्यकर्तालाई परिचालन गरिने बताइन् । संगठनात्मक पुनर्संरचना, राजनीतिक मुद्दामा जनमत निर्माण र निर्वाचनको तयारीलाई एउटै अभियानमा समेटेको पार्टीले अब स्थानीय तहमा कस्तो प्रभाव पार्छ भन्ने कुरा अभियानको कार्यान्वयन र जनतासँगको अन्तरक्रियामा निर्भर रहनेछ ।

हाइस दुर्घटना, ११ जना घाइते

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको आबुँखैरेनी गाउँपालिका-२ बरादीस्थित पृथ्वीराजमार्गमा हाइस दुर्घटना हुँदा ११ जना घाइते भएका छन्। आइतबार साँझ करिब ७:१५ बजे मुग्लिङबाट पोखरातर्फ जाँदै गरेको बा ४ ख ८४१९ नम्बरको हाइस चालकले नियन्त्रण गुमाउँदा सडक डाइभर्सनका लागि राखिएको सिमेन्टेड डिभाइडरमा ठोक्किएर दुर्घटना भएको हो। दुर्घटनामा हाइस चालक स्याङ्जाको पुतलीबजार नगरपालिका-१ निवासी ३७ वर्षीय भद्रबहादुर शाहसहित ११ जना घाइते भएका छन्। घाइतेमध्ये ७ जनाको अवस्था मध्यम र ४ जनाको अवस्था सामान्य रहेको छ ।

घाइते सबैलाई उपचारका लागि आबुँखैरेनी अस्पताल पठाइएको थियो । दुर्घटनापछि सवारीसाधन घटनास्थलमै रहेको भए पनि सडक अवरूद्ध नभएको प्रहरीले जनाएको छ । कास्की पोखरा महानगरपालिका-७ मासबारका ६३ वर्षीया राधादेवी बराल र ७३ वर्षीय लिलाधर बराल, पर्साको सखुवा पर्सौनी गाउँपालिका-६ घर भई हाल बन्दीपुर-१ डुम्रे बस्ने ३५ वर्षीया सपना चौधरी, कास्की पोखरा-१३ माझपाटनका ७३ वर्षीया चुनकुमारी गुरूङ र ४९ वर्षीया राधा गुरूङ, महोत्तरी बलवा नगरपालिका-७ का ३६ वर्षीय रूपेश मिश्र तथा हाइस चालक भद्रबहादुर शाह मध्यम घायते रहेका छन् ।

facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

कुनै पनि कुटनैतिक प्रोटोकललाई अत्यन्तै संवेदनशीलता र गंभीरताका साथ लिने मुलुक हो, जापान । हो, त्यही देशको राजदुतको लागि सरकारी छनोटमा परे- जिग्यानकुमार थापा। बिचरा थापालाई राजदुत भनेको के हो ? भन्ने थाहा नहुनु स्वाभाविक हो। किनकि उनी सामान्य भाषा पढ्न गएका यूवा थिए। स्वाभाविक हो, जापानमा भाषा पढ्न जाने युवालाई दलालले ठग्ने देखि लिएर भएभरका सबै हण्डर र ठक्कर खाएका हुन्छन्। उनले पनि पक्कै खाएकै होलान्।

जिग्यानकुमार थापालाई जापानको राजदुत नियुक्ति दिनु भनेको सरकारले सामान्य स्तरको कुटनीति पनि नबुझेको अर्थ मात्र लाग्दैन, बरू त्यहाँ गंभीर भागबण्डाको चलखेल भएको अर्थ लाग्छ । त्यसै पनि जापानमा मेनपावर व्यवशाय चलाएका वर्तमान सभामुखको कोटाबाट उनी जापानको राजदुत बन्ने चोरबाटो निर्माण भएको कुरा सहजै बुझिन्छ।

अझ आश्चर्यको कुरा के छ भने जापानको राजदुतमा नियुक्त गरिन ठिक्क पारेका व्यक्तिको पृष्ठभुमी के हो भनेर जानकारी लिन जापान सरकारलाई नै सोध्ने रे! यसप्रकारको निकृष्ट निर्णय गर्ने संसारको अर्को कुनै मुलुक होला? यस्ता 'मुर्ख जोकर' लाई मुलुकको बागडोर सुम्पिनु भनेको दुर्भाग्यपूर्ण कुरा हो। स्मरणरहोस्, यसभन्दा अगाडि जापानका लागि नेपाली राजदुतहरू: डा. यादवप्रसाद पन्त, डा. बद्रीप्रसाद श्रेष्ठ, डा. भारतप्रसाद धिताल, केदारभक्त माथेमा जस्ता हस्तीहरु थिए।

अब 'जान्नेलाई छान्ने' युगमा आउँदा बिचरा सामान्य श्रम गर्न जापान गएका व्यक्ति आइपुगे। कमसेकम देशको त बेइज्जत गर्यौ गर्यौ, जिग्यानकुमार थापाको हुँदाखाँदाको आरामदायी जापान बसाइसमेत बर्बाद पार्यौ ।

देउरालीनगर टोल विकास संस्थाको अध्यक्षमा कोपिला मणि शर्मा पौडेल सर्वसम्मत

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-३ देउरालीनगर टोल विकास संस्थाको अध्यक्षमा कोपिला मणि शर्मा पौडेल सर्वसम्मत निर्वाचित भएका छन् । संस्थाको २२औं साधारण सभा तथा सातौं अधिवेशनबाट पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।

अधिवेशनबाट उपाध्यक्षमा रिखुराम विक, सचिवमा कोपिला पण्डित पौडेल, कोषाध्यक्षमा अशोक राना र सहसचिवमा टिका थापा चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा बाबुराम पुरी, कुमारी थापा, धनमाया गौली, किस्मत कुमार श्रेष्ठ, देवीलाल थापा, शुष्मा श्रेष्ठ, गंगा श्रेष्ठ, पुष्पलाल श्रेष्ठ र नरबहादुर रानाभाट चयन चयन भएका छन् भने संस्थाका निवर्तमान अध्यक्ष मनबहादुर थापा पदेन सदस्य रहेका छन् ।

संस्थाका अध्यक्ष मनबहादुर थापाको सभापतित्वमा कार्यक्रममा वडा अध्यक्ष अनुप रानाको प्रमुख आतिथ्यता रहेका थिए भने वडा जनप्रतिनिधिहरु दधिराज घिमिरे, बिनु श्रेष्ठ र श्रीमाया विकलगायत संस्थाका संस्थापक अध्यक्ष, पूर्वअध्यक्ष, वडाभित्रका विभिन्न टोल विकास संस्थाका अध्यक्ष तथा आमा समूहका अध्यक्षहरुको उपस्थिति कार्यक्रममा कोषाध्यक्ष श्रीराम काफ्लेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । अधिवेशनले संस्थाको आगामी कार्यकालका लागि नयाँ नेतृत्व सर्वसम्मत चयन गर्दै टोलको विकास, एकता र सामाजिक गतिविधिलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।



bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४